# आनुवंशिक स्रोतमा पहुँच तथा आनुवंशिक स्रोतको उपयोग र लाभको बाँडफाँडका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: नेपालको आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्न, त्यस्ता स्रोत, पदार्थ र परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यातबाट सिर्जित लाभको समन्यायिक बाँडफाँड गर्न, त्यस्ता स्रोत, पदार्थ तथा परम्परागत ज्ञानको संरक्षण गर्दै आएका आदिवासी जनजाति लगायतका स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास सम्बन्धी हक हितको संरक्षण गर्न एवं जैविक विविधता महासन्धि, १९९२ को पक्ष राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न समेतको लागि तत्काल कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

प्रतिनिधि सभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम विस्तार र प्रारम्भ**: (१) यस ऐनको नाम "आनुवंशिक स्रोत (पहुँच, उपयोग र लाभको बाँडफाँड) ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपालभर लागु हुनेछ र यो ऐन बमोजिम कसूर मानिने कुनै काम गरी नेपाल बाहिर जहासुकै रहे बसेका नेपाली नागरिक वा गैरनेपाली नागरिक समेतलाई लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जैविक विविधता" भन्नाले जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई संझनु पर्दछ र सो शव्दले अनुवाँशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय/प्रजातीय विविधता (भेराइटल/स्पेसिस डाइभर्सिटी) र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी ) समेतलाई जनाउंदछ ।

(ख) "जैविक स्रोत" भन्नाले आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थ प्राप्त गर्न सकिने वास्तविक वा सम्भावित उपयोग वा महत्व हुने पर्यावरणीय पद्दतीको जैविक अङ्ग सम्झनु पर्दछ ।

(ग) "आनुवांशिक पदार्थ" भन्नाले नेपालमा रहेको जीवजन्तु, वनस्पति, सुक्ष्म जीवाणु वा विषाणुको वंशाणुगत गुण रहेको पूर्ण वा आंशिक भाग वा सो को क्रियात्मक इकाई संझनु पर्दछ ।

(घ) "आनुवंशिक स्रोत" भन्नाले नेपाल भित्र स्वस्थानीय वा परस्थानीय अवस्थामा रहेको वास्तविक र संभावित महत्वको आनुवंशिक पदार्थ सम्झनु पर्दछ र सो शब्दले त्यस्तो

आनुवंशिक स्रोतको  अवयव वा त्यसको परिवर्तित एवं परिमार्जित स्वरुप (डेरिभेटिभ्स) समेतलाई जनाउँछ ।

तर सो शब्दले मानव आनुवंशिक स्रोतलाई जनाउने छैन ।

(ङ) "अभिलेख" भन्नाले नेपालको जैविक विविधताको स्रोत, त्यसको अवयव तथा आनुवांशिक स्रोत, आनुवांशिक पदार्थ र त्यसको परिवर्तित एंव परिमार्जित स्वरुप र त्यसको उपयोग सम्बन्धी स्थानीय समुदायको परम्परागत ज्ञानको अभिलेखीकरण गर्न ऐनको दफा ६ बमोजिम तयार गरिने वा गरिएको अभिलेख सम्झनु पर्दछ ।

(च) "पूर्व  सुसूचित  सहमति" भन्नाले दफा ७ बमोजिम गरिने अभिलेखिकरण र दफा १३ को उपदफा (३) बमोजिम पहुँच र उपयोगको लागि सम्वन्धित स्थानीय समुदायसंग पूर्ण र सही सूचनाको आधारमा लिइने पूर्व सुसूचित सहमति सम्झनु पर्दछ ।

(छ) "पहुँच" भन्नाले जैविक तथा आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थ र यस्ता स्रोत तथा पदार्थसँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास तथा तिनीहरूको स्वस्थानीय र परस्थानीय अवस्थामा रहेका अवयव तथा परिमार्जित स्रोतको सङ्कलन, प्राप्ति र ग्रहण सम्झनु पर्दछ ।

(ज) "उपयोग" भन्नाले जैविक तथा आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थको अध्ययन, अनुसन्धान, व्यापारिक तथा औद्योगिक वा अन्य प्रयोजनको लागि गरिने उपयोग सम्झनु पर्दछ ।

(झ) "स्थानीय समुदाय" भन्नाले परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासको आधारमा जैविक तथा आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थमा पहुँच राख्ने वा त्यस्तो स्रोत वा पदार्थलाई उपयोग गर्ने वा त्यस्तो स्रोत वा पदार्थको स्थानीय उत्पत्ति क्षेत्रको आदिवासी जनजाति लगायतका वासिन्दालाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठन भएको स्थानीय निकाय सम्झनु पर्दछ ।

(ट) "परम्परागत ज्ञान" भन्नाले जैविक स्रोत तथा आनुवांशिक स्रोत वा आनुवांशिक पदार्थको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा परापूर्वदेखि निहित रहेको ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास सम्झनु पर्दछ ।

(ठ) "लाभको बाँडफाँड" भन्नाले जैविक तथा आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थ र परम्परागत ज्ञानको  उपयोगबाट  प्राप्त हुने आर्थिक लाभ र अन्य फाईदाको बाँडफाँड सम्झनु पर्दछ ।

(ड) "समन्यायिक वितरण" भन्नाले आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थमा पहुँच  प्रदान गरेवापत र त्यस्तो स्रोत तथा पदार्थ वा सो सँग सम्बन्धित परम्परागत ज्ञान, सीप, खोज,

प्रविधि र अभ्यासको संरक्षण, सम्बर्द्धन र विकास गरेवापत दफा २४ बमोजिम गरिने लाभको बाँडफाँड तथा वितरण सम्झनु पर्दछ ।

(ढ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनु पर्दछ ।

(ण) "प्रस्ताव" भन्नाले आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यातको लागि दफा १२ बमोजिम पेश गरिएको प्रस्ताव सम्झनु पर्दछ ।

(त) "प्रस्तावक" भन्नाले दफा १२ बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(थ) "सम्झौता" भन्नाले आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यातको लागि यस ऐन बमोजिम गरिने सम्झौता सम्झनु पर्दछ ।

(द) "अनुमतिपत्र" भन्नाले आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यातको लागि दफा २१ बमोजिम दिईने अनुमतिपत्र सम्झनु पर्दछ ।

(ध) "परिषद्" भन्नाले दफा २७ बमोजिम स्थापना भएको राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद् सम्झनु पर्दछ ।

(न) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्दछ ।

(प) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्दछ ।

(फ) "कार्यकारी निर्देशक" भन्नाले दफा ३० को उपदफा (१) बमोजिम नियुक्त परिषद्को कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(ब) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद्-२

## आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको स्वामित्व, अभिलेख तथा दर्ता

३. **आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा सार्वभौम अधिकार**: नेपालको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा नेपाल राज्यको सार्वभौम अधिकार कायम रहनेछ ।

४. **आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा स्वामित्व**: नेपाल भित्र रहेको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको स्वामित्व देहाय बमोजिम निहित रहनेछ :-

(क) कुनै व्यक्ति वा संस्थाको स्वामित्व वा उपभोगमा रहेका घर, जग्गा, वन तथा जलस्रोतमा रहेका आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हकमा सम्बन्धित व्यक्ति वा संस्थामा,

(ख) एकभन्दा बढी व्यक्ति वा संस्थाको स्वामित्व वा उपभोगमा रहेको घर, जग्गा, वन तथा जलस्रोतमा रहेको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हकमा स्थानीय समुदाय,

(ग) खण्ड (क) र (ख) मा उल्लेख भएदेखि बाहेकका आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हकमा नेपाल सरकारमा ।

५ **परम्परागत ज्ञानको हक**: (१) स्थानीय समुदायको परम्परागत ज्ञानको हक सम्बन्धित समुदायमा निहित रहनेछ ।

(२) कुनै व्यक्ति, संस्था वा नेपाल सरकारको स्वामित्वमा रहेको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको संरक्षण र उपयोग गर्ने परम्परागत ज्ञान कुनै स्थानीय समुदायमा आधारित रहेको अवस्थामा त्यसको पहुँच, उपयोग र लाभको बाँडफाँडमा त्यस्ता स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्नेछ ।

६. **अभिलेख तयार गर्ने**: (१) कुनै व्यक्ति, स्थानीय समुदाय, संस्था, स्थानीय निकाय वा नेपाल सरकार स्वयंले अलग अलग वा सामूहिक रुपमा नेपालको जैविक विविधताका स्रोत, त्यसको अवयव तथा आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ र त्यसको परिवर्तित एवं परिमार्जित स्वरुप र सोसँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञानको अभिलेख तयार गर्न सक्नेछन ।

(२) कुनै व्यक्ति, स्थानीय समुदाय, संस्था, निकाय वा नेपाल सरकारले उपदफा (१) बमोजिम अभिलेख तयार पार्नु पूर्व परिषद् वा परिषद्ले तोकेको निकायमा सो को अग्रीम सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद् आफैले पनि नेपालको जैविक विविधताका स्रोत, त्यसका अवयव तथा आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ र त्यसको परिवर्तित एवं परिमार्जित स्वरुप र सोसँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञानको अभिलेख खडा गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

(४) उपदफा (१) र (३) बमोजिम खडा गरिने अभिलेखमा जैविक विविधताको उत्पत्तिस्थल, उपलब्धता, स्वामित्व, उपयोगको तरिका, अवस्था, महत्व र त्यससँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञान लगायत तोकिए बमोजिमका अन्य कुराहरु उल्लेख गर्नु पर्नेछ ।

(५) अभिलेखको ढाँचा र अभिलेखीकरण संबन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **पूर्व सुसूचित सहमतिः** (१) कसैले दफा ६ बमोजिम जैविक र आनुवांशिक स्रोत तथा पदार्थ वा त्यस्तो स्रोत तथा पदार्थको उपयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख तयार गर्दा त्यस्तो स्रोत, पदार्थ वा ज्ञानमा स्वामित्व निहित रहेका व्यक्ति, संस्था, स्थानीय समुदायको पूर्व सुसूचित सहमति प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको पूर्व सुसूभित सहमति प्राप्त गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. **जैविक विविधता अभिलेख दर्ता तथा प्रकाशन**: (१) दफा ६ को उपदफा (१) र (३) बमोजिम तयार गरिएको जैविक विविधताको अभिलेख परिषद्मा दर्ता गराउनु पर्नेछ ।

(२) यो ऐन जारी हुनु पूर्व तोकिए बमोजिमको ढाँचामा तयार भएका अभिलेख यसै ऐन बमोजिम तयार गरेको मानिने छ र त्यस्तो अभिलेख यो ऐन जारी भएको मितिले छ महीना भित्र परिषद्मा दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता गरिएको जैविक विविधताको अभिलेखको एकप्रति संबन्धित गाउँ विकास समिति वा नगरपालिकामा सुरक्षित गरी राख्नु पर्नेछ ।

(४) दफा ६ को उपदफा (३) बमोजिम खडा गरिएको अभिलेख उपदफा (१) बमोजिम दर्ता भए सरह मान्यता प्राप्त गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको जैविक विविधताको अभिलेख दर्ता गर्नको लागि दिईने निवेदनको ढाँचा, दस्तुर र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको अभिलेखले बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्राप्त गर्नको लागि आवश्यक पर्ने विवरण (स्पेसिफिकेशन) को रुपमा मान्यता प्राप्त गर्नेछ ।

(७) उपदफा (१) र (२) बमोजिम दर्ता भएको अभिलेखमा उल्लेखित विवरणको सारांश सार्वजनिक जानकारीको लागि नेपाल सरकारले नेपाल राजपत्र वा विद्युतीय संचार वा अन्य उपयुक्त माध्यमद्वारा प्रकाशन गर्नेछ ।

तर अभिलेखमा उल्लेख भएको उपयोगको तरिका संबन्धी परम्परागत ज्ञान गोप्य राख्नु पर्नेछ ।

९. **आयात गरिएको आनुवांशिक स्रोतको दर्ता तथा अभिलेख**: नेपालमा विदेशबाट आयात गरिएका आनुवांशिक स्रोत तथा आनुवांशिक पदार्थको दर्ता तथा उपयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद्-३

## आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ र सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा लाभको बाँडफाँड

१०. **अनुमतिपत्र प्राप्त नगरी आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यात गर्न नहुने**: यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, तिनको उपयोग तथा निर्यात गर्न हुँदैन ।

तर स्थानीय समुदायले परम्परागत ज्ञानको माध्यमबाट आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको उपयोग गर्न यस ऐन बमोजिम स्वीकृति तथा अनुमतिपत्र प्राप्त गर्नुपर्ने छैन ।

११. **प्रारम्भिक एवं वैज्ञानिक अध्ययन र नमूना सङ्कलनको लागि निवेदन दिने**: (१) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा प्रारम्भिक एवं वैज्ञानिक अध्ययन र नमूना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले देहाय बमोजिमको कुराहरू खुलाई तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा प्रारम्भिक अध्ययन र नमूना सङ्कलनको लागि परिषद्मा निवेदन दिनु पर्नेछ ।

(क) निवेदकको पहिचान र सो सम्बन्धी विवरण,

(ग) अध्ययनको उद्देश्य,

(ख) अध्ययनको प्रस्ताव,

(घ) सङ्कलन गर्न खोजेको जैविक तथा आनुवंशिक स्रोत वा पदार्थ एवं परंपरागत ज्ञानको विवरण,

(ङ) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ यसको अवयव, परिवर्तित तथा परिमार्जित रुप (डेरिभेटिभ्स), सङ्कलन गर्न चाहेको स्थान र समयावधि, सङ्कलन प्रकृया, कार्यविधि र परिमाण,

(च) प्रस्तावित कृयाकलापको लागि आवश्यक पर्ने स्रोत साधन र नमूना सङ्कलन सम्बन्धी कार्यमा संलग्न व्यक्तिहरूको विवरण,

(छ) यस अघि कुनै निवेदन दिएको भए त्यसको जानकारी,

(ज) अध्ययन वा नमूना सङ्कलन गर्न खोजिएको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हक, स्वामित्व र त्यस्तो स्रोतसँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञान सम्बन्धी जानकारी,

(झ) अनुसन्धानबाट आर्थिक एवं वैज्ञानिक दृष्टिले अपेक्षित परिणाम,

(ञ) गोप्य राख्नु पर्ने विषय भएमा त्यसको विवरण, र

(ट) परिषद्ले तोके बमोजिमको अन्य जानकारी ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनमा परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदकलाई आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको अध्ययन र नमूना सङ्कलन गर्न स्वीकृति दिन उपयुक्त देखेमा आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको अध्ययन र नमूना सङ्कलन गर्न पाउने समय, स्थान तथा अन्य आवश्यक शर्त तोकी स्वीकृति दिनेछ ।

(३) उपदफा (२) बमोजिम आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको वैज्ञानिक परीक्षणको लागि निर्यात गर्ने स्वीकृति दिंदा परिषद्ले आवश्यक शर्त तोकी निवेदकसँग सम्झौता गरी स्वीकृति दिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम दिएको स्वीकृति अनुसार निवेदकले तयार गरेको अध्ययन प्रतिवेदन, वैज्ञानिक परीक्षणको नतिजा, गरिएको उत्पादन र बाँकी रहेका भए सङ्कलित नमूना समेत परिषद्मा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम गरिएको अध्ययन र नमूना सङ्कलनको आधारमा कुनै व्यक्ति वा संस्थाले बौद्धिक सम्पत्तिको अधिकारमा दावी गर्न पाउने छैन ।

१२. **अनुमतिपत्रको लागि प्रस्ताव पेश गर्नु पर्ने**: आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ र सो को मा पहुँच, उपयोग तथा निर्यात गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित विषयको प्राविधिक तथा लाभको बाँडफाँड सम्बन्धी प्रतिवेदन र दफा ११ को उपदफा (४) बमोजिम तयार गरिएको प्रारम्भिक अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको दस्तुर सहित देहाय बमोजिमका विवरणहरू खुलाई परिषद् समक्ष तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्रको लागि प्रस्ताव पेश गर्नु पर्नेछ :–

(क) प्रस्तावकको पहिचान र सो सम्बन्धी विवरण,

(ख) प्रस्तावको उद्देश्य,

(ग) यस अघि कुनै प्रस्ताव प्रस्तुत गरेको भए त्यसको विवरण,

(घ) प्रारम्भिक अध्ययन र नमूना सङ्कलन प्रतिवेदनको विवरण,

(ङ) पहुँच, उपयोग तथा निर्यात गर्न खोजेको आनुवंशिक स्रोत पदार्थ एवं परंपरागत ज्ञानको को विस्तृत विवरण,

(च) आनुवंशिक स्रोत, यसको अवयव, परिवर्तित तथा परिमार्जित रुप (डेरिभेटिभ्स), पहुँच प्राप्त गर्न चाहेको स्थान, समयावधि, प्रकृया, कार्यविधि र परिमाण,

(छ) पहुँच, उपयोग तथा निर्यात गर्ने प्रजाति तथा जातिको संरक्षणको अवस्था सम्बन्धी विवरण,

(ज) पहुँच, उपयोग तथा निर्यातको लागि आवश्यक पर्ने स्रोत साधन र तत्सम्बन्धी कार्यमा संलग्न व्यक्तिहरूको विवरण,

(झ) पहुँच, उपयोग तथा निर्यातबाट वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यस्ता प्रभाव न्यूनीकरण गर्न अपनाईने उपायहरुको प्रारम्भिक स्वरुप,

(ञ) पहुँच, उपयोग तथा निर्यात गर्न खोजिएको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हक, स्वामित्व र त्यस्तो स्रोतसँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञान सम्बन्धी आवश्यक विवरण,

(ट) पहुँच, उपयोग र निर्यातवाट अपेक्षित आर्थिक एवं वैज्ञानिक परिणामहरू,

(ठ) गोप्य राख्नु पर्ने विषय भएमा त्यसको विवरण, र

(ड) परिषद्ले तोके बमोजिमका अन्य जानकारी ।

१३. **सार्वजनिक सुनुवाईको व्यवस्थाः** (१) दफा १२ बमोजिम प्रस्तावकले पेश गरेको प्रस्तावको सम्बन्धमा परिषद्ले आवश्यक जाँचबुझ गरी प्रस्तावमा उल्लेख गरेको र तोकिए बमोजिमको अन्य विवरण सम्बद्ध स्थानीय निकाय, स्थानीय समुदाय तथा संस्थामा सार्वजनिक सुनुवाईको लागि पठाई तत्सम्बन्धी सूचना तोकिए बमोजिमको ढाँचामा कम्तिमा पनि दुईवटा राष्ट्रिय तथा स्थानीय पत्र पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले बढीमा पन्ध्र दिनको म्याद दिई स्थानीय वासिन्दाहरूलाई सार्वजनिक सुनुवाईको लागि भेला बोलाउनु पर्नेछ र सो कुराको सूचना संबन्धित जिल्लास्तरीय कार्यालयहरुलाई समेत दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम बोलाईएको भेलामा सहभागीहरूले दफा १२ बमोजिम प्रस्तावकले पेश गरेको प्रस्ताव कार्यान्वयन गर्न पूर्व सुसूचित सहमति प्रदान गरेमा वा तत्सम्वन्धमा व्यक्त गरेको प्रतिक्रिया समेतका आधारमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले सो विषयमा निर्णय गरी परिषद्लाई आवश्यक सिफारिश गर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावमा माग गरिएको आनुवंशिक स्रोत वा आनुवंशिक पदार्थ दुई वा दुई भन्दा बढी गाउँ विकास समिति, नगरपालिका वा जिल्लाको सीमाना क्षेत्रमा विस्तारित भएको रहेछ भने त्यस्तो आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, तिनको उपयोग वा निर्यात सम्बन्धी विषयमा स्थानीय समुदायको पूर्व सुसूचित सहमति प्राप्त गर्नका लागि वा राय प्रतिक्रिया बुझ्नको लागि परिषद्ले उपयुक्त कार्यविधि तय गरी उपयुक्त स्थानीय निकाय मार्फत सार्वजनिक सुनुवाईको व्यवस्था गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम गरिने सार्वजनिक सुनुवाईमा प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित हुनु अनिवार्य हुनेछ ।

१४. **वातावरणीय प्रभाव मूल्याङ्कनः** (१) सम्झौता गर्नु अघि परिषद्ले कामको प्रकृति हेरी प्रचलित नेपाल कानून बमोजिम प्रारम्भिक वातावरण परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने वा नपर्ने कुराको निर्णय गर्नेछ ।

(२) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१५. **प्राथमिकता दिनेः** एकै किसिम वा प्रकृतिको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यात गर्न एक वा एक भन्दा बढी व्यक्ति वा संस्थाको प्रस्ताव पर्न आएमा प्रस्तावकहरूले पेश गरेको प्राविधिक, वातावरणीय

तथा लाभको बाँडफाँड सम्बन्धी प्रतिवेदनको अध्ययन गरी उनीहरूसँग वार्ता गरी प्राविधिक, वातावरणीय दृष्टिले उपयुक्त, तथा लाभको बाँडफाँडमा बढी फाईदा हुन सक्ने विश्वासनीय पक्षको प्रस्तावलाई प्राथमिकता दिनुपर्नेछ ।

१६. **प्रस्तावमा छलफल**: (१) दफा १२ बमोजिम पेश गरेको प्रस्ताव साथ संलग्न प्राविधिक तथा लाभको बाँडफाँड सम्बन्धी प्रतिवेदन, दफा १३ को उपदफा (३) बमोजिम स्थानीय निकायबाट प्राप्त सिफारिश र दफा १४ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन समेतलाई विचार गरी प्रस्तावकले प्रस्तुत गरेको प्रस्ताव उपर प्रस्तावकसँग छलफल गर्न परिषद्ले वार्ता समितिको गठन गर्न सक्नेछ ।

(२) प्रस्तावमा छलफल गर्न उपदफा (१) बमोजिम गठन गरिने वार्ता समितिमा सम्बन्धित विषयको प्राविधिक, कानून र व्यवस्थापन क्षेत्रका विशेषज्ञ, सम्बद्ध स्थानीय निकाय, महिला, आदिवासी, जनजाति र दलित लगायतका स्थानीय समुदायका प्रतिनिधिहरु रहनेछन् ।

(३) कुनै व्यक्ति वा संस्थाको स्वामित्व वा उपभोगमा रहेका आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यातको सम्बन्धमा पेश भएको प्रस्तावमा छलफल गर्न गठन गरिने वार्ता समितिमा सम्बन्धित व्यक्ति वा संस्थाका प्रतिनिधिलाई समेत समावेश गराउनु पर्नेछ ।

(४) वार्ता समितिले प्रस्तावकसँग प्रस्तावमा छलफल गर्नु पूर्व देहाय बमोजिमका अभ्यास गर्नेछ :–

(क) प्रस्ताव साथ संलग्न प्राविधिक, वातावरणीय तथा लाभको बाँडफाँड सम्बन्धी प्रतिवेदनको विस्तृत अध्ययन तथा विश्लेषण गर्ने,

(ख) दफा १३ को उपदफा (३) बमोजिम स्थानीय निकायबाट प्राप्त सिफारीश वारे स्पष्ट हुने,

(ग) प्रस्तावकसँग वार्ताको लागि विषयवस्तु तय गर्ने र लाभको बाँडफाँडमा आफ्नो पक्षलाई फाईदा हुने रणनीति तय गर्ने, र

(घ) प्रस्तावको सम्पूर्ण पक्षलाई विचार गरी सम्झौताको प्रारम्भिक मस्यौदा तयार गर्ने ।

(५) उपदफा (४) बमोजिमको अभ्यास गरेपछि वार्ता समितिले प्रस्तावकसँग प्रस्ताव उपर छलफल गर्नेछ ।

(६) प्रस्तावमा छलफल हुँदा दुई पक्ष बीच सहमति भएको बुँदालाई निर्णय पुस्तिकामा अभिलेख गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अभिलेख गरिएको निर्णय पुस्तिकामा उल्लिखित बुँदाको अधिनमा रही वार्ता समितिले सम्झौताको सम्बन्धमा आफ्नो ठोस राय सुझाव सहितको सिफारिश प्रतिवेदन परिषद्मा पेश गर्नेछ ।

(८) उपदफा (७) बमोजिम वार्ता समितिले सिफारिश प्रतिवेदन पेश गरेको मितिले तीस दिनभित्र परिषद्ले सम्झौताको सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

१७. **सम्झौता गर्न नहुने**: सम्झौता गर्दा देहाय बमोजिम हुने गरी सम्झौता गर्नु हुँदैन :-

(क) वातावरण तथा जैविक विविधता सम्बन्धी प्रचलित कानून विपरित हुने गरी,

(ख) मानव, जीवजन्तु तथा वनस्पति र तिनको स्वास्थ्यमा हानी हुने गरी,

(ग) माटो तथा उब्जनीमा ह्रास आउने गरी,

(घ) खाद्य सुरक्षामा प्रतिकुल असर पर्ने गरी ,

(ङ) आदिवासी जनजाति लगायतका स्थानीय समुदायको जीविकोपार्जनमा नकारात्मक असर पुऱ्याउने गरी ।

१८. **सूचना दिनेः** (१) परिषद्ले प्रस्तावकसँग सम्झौता गर्ने निर्णय गरेकोमा प्रस्तावकलाई सम्झौता गर्न उपस्थित हुनको लागि आवश्यक म्याद तोकी सूचना दिनु पर्नेछ ।

(२) परिषद्ले प्रस्तावकसँग सम्झौता नगर्ने निर्णय गरेकोमा प्रस्तावकलाई त्यसको सूचना दिनु पर्नेछ ।

१९. **सम्झौता गर्नेः** दफा १८ बमोजिम दिइएको सूचनामा तोकिएको म्यादभित्र प्रस्तावक सम्झौता गर्न आएमा परिषद्ले दफा १६ को उपदफा (६) बमोजिम खडा गरिएको निर्णय पुस्तिकामा उल्लिखित निर्णयको अधिनमा रही सम्झौता गर्नेछ ।

२०. **सम्झौतामा उल्लेख हुनुपर्ने विषयः** दफा १९ बमोजिम गरिने सम्झौतामा देहाय बमोजिमका कुराहरू उल्लेख गर्नु पर्नेछः–

(क) पहुँच, उपयोग र निर्यातको लागि अनुमति माग भएको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ वा परम्परागत ज्ञान सम्बन्धी विस्तृत विवरण,

(ख) पहुँच, उपयोग र निर्यातको लागि अनुमति माग भएको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको किसिम र परिमाण,

(ग) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ पहुँच, उपयोग र निर्यात गर्न चाहेको क्षेत्र, स्थान, मुलुक, समय र समयावधि,

(घ) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको पहुँच, उपयोग गर्न प्रयोग गरिने प्रविधि आविष्कारको तरिका, प्रक्रिया र प्रविधि परिचालन गर्ने तरिका,

(ङ) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ पहुँच, उपयोग र निर्यात गर्दा अपनाईने जैविक सुरक्षा सम्बन्धी व्यवस्था,

(च) सामुदायिक तथा निजी आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको हकमा त्यस्तो स्रोतको धनीको पूर्व सहमति र सो वापत उनीहरूलाई प्राप्त हुने लाभ सम्बन्धी व्यवस्था,

(छ) अन्तिम उत्पादन (इण्ड प्रोडक्ट) मा सहभागी हुने सम्बन्धी व्यवस्था,

(ज) प्रस्तावित कार्यको लागि वाहेक अन्य उद्देश्यको लागि जैविक तथा आनुवांशिक स्रोत प्रयोग गर्न नपाईने सम्वन्धी व्यवस्था,

(झ) जैविक तथा आनुवंशिक स्रोत र आनुवंशिक पदार्थ तथा परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यात गरे वापत नेपाल सरकारलाई बुझाउने रोयल्टी र दस्तुर,

(ञ) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा परम्परागत ज्ञानको उपयोगबाट प्राप्त हुने लाभको किसिम र समन्यायिक वितरणको स्वरुप,

(ट) तेस्रो पक्षलाई अनुमति पत्र हस्तान्तरण गर्नु पर्ने भए सो सम्वन्धी व्यवस्था

(ठ) प्रविधि हस्तान्तरण सम्बन्धी व्यवस्था,

(ड) विवाद समाधानको उपाय तथा लागू हुने कानून,

(ढ) सम्झौताको अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था, र

(ण) परिषद्ले तोकेका अन्य कुराहरू ।

२१. **अनुमतिपत्र दिने**: दफा १९ बमोजिम सम्झौता भएपछि परिषद्ले प्रस्तावकलाई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र जारी गर्नेछ ।

२२. **सम्झौताको अनुगमन**: सम्झौता बमोजिमको दायित्व पूरा भए नभएको भन्ने सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी परिषद्को हुनेछ ।

२३. **जैविक तथा आनुवंशिक स्रोत र बौद्धिक सम्पतिमा अधिकार**: (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमावली तथा निर्देशिका बमोजिमको कार्यविधि पूरा गरी नेपालमा आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यात गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आविष्कार गरेको वस्तु वा त्यसको उपयोगको प्रक्रियालाई दफा १९ बमोजिम भएको सम्झौताको अधिनमा रही प्रचलित कानून बमोजिम बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक रुपमा ज्ञात भएका परम्परागत ज्ञान र नेपालमा प्राकृतिक रुपमा उपलब्ध आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थलाई कसैले बौद्धिक सम्पतिको रुपमा दर्ता गर्न वा सो उपर दावी गर्न पाउने छैन ।

२४. **लाभको बाँडफाँड तथा वितरण**: (१) आनुवंशिक स्रोतमा पहुँच तथा उपयोगबाट सम्झौताका पक्षहरूलाई प्राप्त हुने लाभको बाँडफाँड तथा वितरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाललाई प्राप्त हुन आएको लाभमध्ये आर्थिक लाभको बाँडफाँड तथा वितरण देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकार स्रोतको धनी भएमा,-

(१) नेपाल सरकारलाई पचास प्रतिशत,

(२) परिषद्लाई तीस प्रतिशत,

(३) स्थानीय समुदाय, व्यक्ति वा संस्थालाई बीस प्रतिशत ।

(ख) स्थानीय समुदाय, व्यक्ति वा संस्था धनी भएमा,-

(१) स्थानीय समुदाय, व्यक्ति वा संस्थालाई एकाउन्न प्रतिशत,

(२) परिषद्लाई उनन्तीस प्रतिशत,

(३) नेपाल सरकारलाई बीस प्रतिशत ।

(३) उपदफा (२) बमोजिम स्रोतको धनीले पाउने लाभ मध्येबाट दश प्रतिशत रकम सम्बन्धित स्थानीय निकायले प्राप्त गर्नेछ ।

(४) उपदफा (२) बमोजिम स्थानीय समुदायले प्राप्त गर्ने लाभ त्यस्तो स्थानीय समुदाय आवद्ध भएको स्थानीय निकाय मार्फत बाँडफाँड गरिनेछ ।

(५) लाभको बाँडफाँड सम्बन्धी अन्य कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

२५. **<u>यो ऐन प्रारम्भ हुनु अघि पहुँच, उपयोग तथा निर्यातबाट प्राप्त लाभको बाँडफाँड</u>**: (१) यो ऐन प्रारम्भ हुनु अघि परस्थानीय वा विविध रुप र प्रयोजनको लागि नेपाल बाहिर रहेका आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच र उपयोगबाट प्राप्त लाभको बाँडफाँडको लागि परिषद्ले सम्बन्धित पक्षसँग आवश्यक सम्झौता गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अनुमति प्राप्त गरी कसैले आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच वा त्यसको उपयोग गरी नेपाल बाहिर निर्यात गरेको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र साविकमा आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुंच, उपयोग र निर्यात गरेको कार्यलाई परिषद्ले तोके बमोजिमको कार्यविधि अपनाई नियमित गर्नु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुन अघि अनुमति लिई वा नलिई नेपालभित्र वा बाहिर कुनै व्यक्ति वा संस्थाले आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, तिनको उपयोग तथा निर्यात गरेको रहेछ भने परिषद्ले त्यस्तो व्यक्ति वा संस्थासँग त्यसरी पहुँच, उपयोग तथा निर्यात गरेबाट प्राप्त लाभको बाँडफाँड गर्न आवश्यक कारबाही अघि बढाई सम्झौता गर्नेछ ।

२६. **<u>नेपाल सरकार तथा परिषद्ले आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग तथा निर्यात गर्न सक्ने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार वा परिषद् आफैले नेपाल भित्र वा बाहिर परस्थानीय वा विविध रुप र प्रयोजनको लागि रहेका आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, तिनको उपयोग तथा निर्यात गर्न चाहेमा देहाय बमोजिमका प्रक्रिया पूरा गरी गर्न सक्नेछ :-

(क) दफा १२ बमोजिमको प्रस्ताव तयार गरी परिषद्मा अभिलेख राखेर,

(ख) दफा १३ बमोजिमको कार्यविधि पूरा गरेर,

(ग) दफा १४ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन गरेर, र

(घ) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच, उपयोग र निर्यातबाट प्राप्त लाभ यस ऐन बमोजिम बाँडफाँड तथा वितरण गरेर ।

## परिच्छेद्-४

## <u>राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद्</u>

२७. **<u>परिषद्को स्थापना</u>**: (१) नेपालको आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थ एवं सो को उपयोग संबन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्न, त्यस्ता स्रोत तथा पदार्थमा पहुँच, उपयोग तथा निर्यातबाट सिर्जित लाभको समन्यायिक ढङ्गले बाँडफाँड गर्न, त्यस्ता स्रोत तथा पदार्थ संरक्षण गर्दै आएका स्थानीय समुदायको ज्ञानको संरक्षण गर्नको लागि राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद् नामको एक परिषद् रहनेछ ।

(२) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(३) परिषद्ले आफ्ना कार्य संचालन गर्दा राष्ट्रिय जैविक विविधता समन्वय समितिसंग समन्वयमा रही संचालन गर्नु पर्नेछ ।

(४) परिषद्को सचिवालय काठमाण्डौं उपत्यकामा रहनेछ र यसले आवश्यकता अनुसार नेपालका अन्य स्थानमा पनि कार्यालय स्थापना गर्न सक्नेछ ।

(५) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(६) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

२८. **परिषद्को गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहाय बमोजिमका पन्ध्रजना सदश्यहरु रहेको राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद् गठन गर्नेछ ।

(क) सचिव, वन तथा भू संरक्षण मन्त्रालय - अध्यक्ष

(ख) वातावरण विज्ञान, जीव विज्ञान, वनस्पति विज्ञान, कृषि विज्ञान, वन विज्ञान र वातावरण कानूनका क्षेत्रमा विशेषज्ञको हैसियतले कम्तिमा दश वर्षसम्म काम गरेका व्यक्तिहरु मध्येबाट प्रत्येक विषयका एक-एक जनाका दरले नेपाल सरकारले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित छ जना - सदस्य

(ग) कृषक, महिला र दलित उत्थानसंग सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षसम्म काम गरेका कम्तिमा एक-एक जनाको दरले नेपाल सरकारले मनोनयन गरेका एक जना महिला, एक जना कृषक र एक जना दलित सहित तीन जना - सदस्य

(घ) आदिवासी जनजातिहरुको विकास सम्बन्धी कार्यमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेका आदिवासी जनजातिहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(ङ) वन तथा भू संरक्षण मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालयमा जैविक विविधता वा वातावरण विषय हेर्ने राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत एक-एक जना - सदस्य

(च) कार्यकारी निर्देशक, राष्ट्रिय आंनुवाशिक स्रोत संरक्षण परिषद् - सदस्य-सचिव

(२) पदेन सदस्य वाहेक उपदफा (१) बमोजिम गठित परिषद्का अन्य सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकले पाउने सुविधा तथा सेवाका शर्त र परिषदका सदस्यले पाउने सुविधा परिषद् स्वयंले तोकी नेपाल सरकारवाट स्वीकृति भए बमोजिम हुनेछ ।

(४) परिषद्को बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (च) बमोजिम नियुक्त कुनैपनि सदस्यलाई नेपाल सरकारले देहायका कुनैपनि आधारमा सदस्य पदबाट हटाउन सक्नेछ :

(क) नैतिक पतन देखिने फौज्दारी कसूरमा दोषी ठहरिएमा,

(ख) शारीरिक वा मानसिक रुपमा काम गर्न असमर्थ भएमा,

(ग) आफ्नो पदको दुरुपयोग गरेको कारण निजलाई सो पदमा राखी रहन सार्वजनिक हित विपरित हुने देखिएमा,

(घ) परिषद्संग कुनै आर्थिक वा अन्य स्वार्थ गासिन गइ आफ्नो पद अनुकुल गर्नु पर्ने काम कर्तव्य गर्न नसक्ने भएमा,

(ङ) उपदफा (५) को खण्ड (क), (ग) र (घ) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौकाबाट वन्चित गरिने छैन ।

२९. **परिषद्को काम, कर्तव्य र अधिकार**: (१) परिषद्को काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यात गर्न अनुमति दिने सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यात गर्न दिइएको अनुमतिपत्र बमोजिम भएको सम्झौता बमोजिमको दायित्व पूरा गर्नको लागि गरिने अनुगमन सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(घ) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यातबाट सिर्जित लाभको समन्यायिक बाँडफाँड गर्ने एवं प्रविधि हस्तान्तारण गर्ने सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ङ) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानको उपयोग गर्दै आएका स्थानीय समुदायको ज्ञानको संरक्षण गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(च) जैविक विविधता अभिलेखीकरण र दर्ता गर्ने, प्रारम्भिक अध्ययन, नमूना संकलन र आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पंहुच उपयोग र निर्यातका लागि दस्तुर तोक्ने ।

(२) उपदफा (१) मा लेखिए बमोजिमको नीति, योजना कार्यक्रम बनाउन परिषद्ले अध्ययन अनुसन्धानको माध्यमबाट बैज्ञानिक तथ्याङ्कको सङ्कलन एवं विश्लेषण गरी परिषद्लाई अद्यावधिक एवं व्यवसायमूलक बनाउनेछ ।

(३) आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यातको वारेमा जनचेतना तथा सूचनामूलक र अवलोकन कार्यक्रम सञ्चालन गर्नेछ ।

(४) यस दफा बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने क्रममा परिषद्ले विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क निकायको रुपमा काम गर्न सक्नेछ ।

(५) परिषद्ले सम्पन्न गरेका कार्यहरुको वार्षिक प्रतिवेदन राष्ट्रिय जैविक विविधता समन्वय समिति समक्ष पेश गर्नेछ ।

३०. **कार्यकारी निर्देशक तथा अन्य कर्मचारी**: (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) दफा २८ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित विषयहरुसंग सम्वद्ध विशेषज्ञ व्यक्तिहरूमध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) परिषद्मा आवश्यकता अनुसार कर्मचारी रहनेछन ।

(६) परिषद्का कर्मचारीहरूको सेवा, शर्त तथा सुविधा परिषद्ले तोके बमोजिम हुनेछ ।

३१. **परिषद्को कोष**: (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट परिषद्को लागि वार्षिक बजेटमा विनियोजित अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त ऋण, चन्दा, सहायताबाट प्राप्त रकम,

(ग) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) दफा २४ वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) परिषद्ले उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु पूर्व नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(४) परिषद्को खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) परिषद्को कोष तथा खाता सञ्चालन नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

३२. **लेखा र लेखापरीक्षण**: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

३३. **उप समिति गठन गर्न सक्ने**: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा निर्देशिका बमोजिम परिषद्ले आफूलाई प्राप्त अधिकारको प्रयोग गरी निर्णय गर्नु परेमा त्यस्तो विषयमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न त्यस्ता विषयसँग सम्बन्धित विशेषज्ञहरू रहेको उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिको काम, कर्तव्य, अधिकार तथा कार्यावधि र त्यस्तो उप-समितिको संयोजक तथा सदस्यहरूले पाउने पारिश्रमिक तथा अन्य सुविधा परिषद्ले तोके बमोजिम हुनेछ।

३४. **अधिकार प्रत्यायोजन**: यो ऐन र यस ऐनअन्तर्गत बनेका नियम तथा निर्देशिका बमोजिम परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार दफा ३३ बमोजिम गठित उप-समिति तथा परिषद्को अध्यक्ष, सदस्य तथा कार्यकारी निर्देशक र परिषद्को अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-५

## मुद्दाको अनुसन्धान तथा दण्ड सजाय

३५. **नेपाल सरकार वादी हुने**: यो ऐन बमोजिम कसूर ठहर्ने मुद्दा नेपाल सरकार वादी भई चलाईनेछ र यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३६. **मुद्दा हेर्ने अधिकारी**: (१) यो ऐन अन्तर्गत कसूर ठहर्ने मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम अदालतले मुद्दाको सुनुवाई गर्दा सम्बन्धित विषयका विशेषज्ञसंग आवश्यक परामर्श लिन सक्नेछ।

३७. **कसूर, दण्ड सजाय तथा क्षतिपूर्ति**: (१) देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) दफा १० बमोजिम स्वीकृति नलिई आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको प्रारम्भिक अध्ययन र नमूना सङ्कलन गरेमा,

(ख) दफा २१ बमोजिम अनुमति प्राप्त नगरी कसैले देहायको कार्य गरेमा-

(१) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थमा पहुँच प्राप्त गरेमा,

(२) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको उपयोग गरेमा,

(३) आनुवंशिक स्रोत तथा आनुवंशिक पदार्थको निर्यात गरेमा।

(ग) खण्ड (क) र (ख) मा लेखिए बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा उल्लिखित व्यवस्था विपरित आनुवंशिक स्रोत, आनुवंशिक पदार्थ तथा सो को उपयोग संबन्धी परम्परागत ज्ञानमा पहुँच, उपयोग तथा निर्यात गरेमा।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई कसूरको प्रकृति, मात्रा, गाम्भिर्यता, अभियुक्तको उमेर, आचरण र व्यवसाय समेतलाई विचार गरी मुद्दा हेर्ने अधिकारीले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) उपदफा (१) को खण्ड (क) र खण्ड (ख) को उपखण्ड (१) बमोजिमको कसूर गर्नेलाई एकलाख रूपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय,

(ख) उपदफा (१) को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको कसूर गर्नेलाई दुईलाख रूपैयासम्म जरिवाना वा दुईवर्षसम्म कैद वा दुबै सजाय, र

(ग) उपदफा (१) को खण्ड (ख) को उपखण्ड (३) बमोजिमको कसूर गर्नेलाई पन्ध्रलाख रूपैयासम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय,

(घ) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई पचासहजार रूपैयासम्म जरिवाना वा एक महीनासम्म कैद वा दुबै सजाय ।

(३) उपदफा (१) बमोजिम कसूर ठहर भएको अवस्थामा अदालतले मर्का पर्न गएको पक्षलाई पुग्न गएको वास्तविक हानी नोक्सानी वापत कसूरदारबाट क्षतिपूर्ति भराउने आदेश दिनेछ ।

## परिच्छेद-६

## विविध

३८. **जैविक विविधता समिति गठन गर्न सकिने** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा जैविक विविधता समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित जैविक विविधता समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

३९. **यो ऐनमा लेखिएकोमा यसै बमोजिम हुने**: यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. **नियम बनाउने अधिकार**: यो ऐनको उद्देश्य पूरा गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।